# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १५ गते २०३२ साल

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही सेनाको ब्यारेकको लागि मेची अञ्चल झापा जिल्ला चन्द्रगडी गाउं पञ्चायत वडा नं. ५ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व झापा कारागार जाने तेर्सो बाटो, कारागारको जग्गा र डिल्लीराम खतिवडाको कि. नं. २८४ को जग्गा, पश्चिम चन्द्रगडीबाट चार आलि जाने बाटो, उत्तर हेमप्रसाद पाठकको र डिल्लीराम खतिवडाको कि. नं. २८६,२८७,२८५ को जग्गा, दक्षिण झापा ब्यारेक यति ४ किल्लाभित्रको कि. नं. ४१२ को ०–५–५ पूरै, कि. नं. ३०३ को ०–३–१९ पूरै, कि. नं. २९२ को २–१–१० पूरै, कि. नं. २९१ को, ०–६–० पूरै, कि. नं. २९८ को ०–५–१० पूरै, कि. नं. २९३ को ०–६–५ पूरै, कि. नं. २९४ को ०–३–०पूरै, कि. नं. २९७ को ०–२–३ पूरै, कि. नं. ९९ को ०–२–१पूरै, कि. नं. ४०० को ०–३–३ पूरै, कि. नं. ४०१ को ०–१–२ पूरै, कि. नं. २९५ को ०–६–० पूरै, कि.नं. २९६ को ०–२–३ पूरै, कि. नं. ४१० को ०–१–० पूरै, र कि.नं. ४११ को ०–३–० पूरै समेतको जम्मा तिरो रू. ३१७।३८ ( तीनसय सत्र रूपैयां अठतीस पैसा) लागेको जम्मा जग्गा ४–१२–१ (चार बिगहा बाह्र कट्ठा एक धुर) को कित्ता।

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

909

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।